मिति २०७४/०३/३१ गतेका दिन यस तादी गाउँपालिका अध्यक्ष श्री नारायण प्रसाद पाण्डे ज्यूको अध्यक्षतामा बसेको गाउँ सभाको वैठकमा अन्य सदस्यहरुको उपस्थितिमा निम्न लिखित प्रस्तावहरु माथि छलफल गरि निम्न निर्णयहरु गरियो ।

प्रस्तावहरु

प्रस्ताव नं १:- यस तादी गाउँपालिकाको आर्थिक ऐन,२०७४ र विनियोजन ऐन,२०७४ स्विकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं २:- यस तादी गाउँपालिकाको आगामी आ.व. २०७४/०७५ को निति कार्यक्रम र वजेट स्विकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ३:- योजना सम्झौता र फरफारक सम्बन्धमा ।

प्रस्ताव नं ४:- कन्टेन्जेन्सी सम्बन्धमा ।

प्रस्ताव नं ५:- पदाधिकारीको सेवा सुविधा सम्बन्धमा ।

प्रस्ताव नं ६:-जनसहभागिता लागत सहभागिता सम्बन्धमा ।

प्रस्ताव नं ७:- पेश्की सम्बन्धमा ।

प्रस्ताव नं ८:- आर्थिक सहायता सम्बन्धमा ।

निर्णयहरु:-

निर्णय नं १:- प्रस्ताव नं १ माथि छलफल गर्दा यस तादी गाँउपालिका ,गाँउ कार्यपालिकावाट निर्णय भई स्विकृतिका लागि गाउँ सभामा प्रस्तुत भएको यस तादी गाँउपालिकाको आर्थिक ऐन,२०७४ र विनियोजन ऐन,२०७४ सर्वसम्मत साथ स्विकृत गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं २:- प्रस्ताव नं २ माथि छलफल गर्दा यस तादी गाँउपालिका ,गाँउ कार्यपालिकावाट निर्णय भई स्विकृतिका लागि गाउँ सभामा प्रस्तुत भएको यस तादी गाँउपालिकाको आ.व. २०७४।७५ को निति तथा कार्यक्रम र बजेट सर्वसम्मत रुपमा स्विकृत गरी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं ३:-प्रस्ताव नं ३ माथि छलफल गर्दा यस तादी गाउँपालिका, गाँउ कार्यपालिका बाट निर्णय भई गाउँ सभावाट पारित भएको योजनाहरुको सम्झौता आर्थिक बर्ष सुरु भए देखी चैत्र मसान्त भित्र अनिवार्य रुपमा गराउन पर्ने अन्यथा उक्त अवधिभर योजना सम्झौता हुन नसकेको योजनाहरुको रकम गाउँकार्यपालिकाले निर्णय गरी योजना तथा कार्यक्रम संशोधन गर्न सक्ने निर्णयो गरियो । साथै योजना सम्झौता भएका योजना तथा कार्यक्रमको २०७५ बैशाख भित्र कार्य सम्पन्न गरी फरफारक गरि सक्नु पर्ने निर्णय सर्वसम्मत साथ गरिया ।

निर्णय नं ४:- प्रस्ताव नं ४ माथी छलफल गर्दा यस तादी गाउँपालिकाको वजेट वाट सञ्चालन हुने योजनाहरुमा ४% कन्टेन्जेन्सि कट्टा गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ५:- प्रस्ताव नं ५ माथि छलफल गर्दा यस तादी गाउँपालिकाको निर्वाचि पदाधिकारीहरुलाई अर्को व्यवस्था नभए सम्मको लागि तपशिल अनुसार सेवा सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपशिल:-

१) बैठका भत्ता बापत अ) अध्यक्ष:- रु २०००(प्रति वैठक)

आ) वडाध्यक्ष ।. कार्यपालिका सदस्य । वडा सदस्य:- रु १०००(प्रति वैठका)

२) संचार खर्च वापत अ) अध्यक्ष:- रु २००० (प्रति महिना)

आ) उपाध्यक्ष:- रु १५०० (प्रति महिना)

इ) वडाध्यक्ष:- रु १००० (प्रति महिना)

निर्णय नं ६:- प्रस्ताव नं ६ माथी छलफल गर्दा यस तादी गाँउपालिकको गाउँसभावाट पारित भएका योजना हरुमा जनसहभागिता लागत सहभागिता यस गाउँपालिका भित्रका वासिन्दाहरु विपन्न,भुकम्प पिडित भएको हुदा यस आ.व २०७४।७५ मा जनसहभागिता लागत सहभागिता नरहने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ७:-प्रस्ताव नं ७ माथि छलफल गर्दा यस तादी गाउँपालिकावाट सञ्चालन हुने योजनहरुमा उपभोक्ता समितिहरुले पेश्की रका उपलब्ध नगराउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ८:-प्रस्ताव नं ८ माथि छलफल गर्दा यस तादी गाँउपालिका भित्रका जनताहरु लाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा आर्थिक सहायता माग गर्ने व्यक्तिको रोगको प्रकृति,अर्थिक र सामाजिक अवस्थाको आधारमा गाउँपालिकाको अध्यक्षको एकल निर्णय अनुसार आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।